# भारतीय राजदूतावास
# काठमाडौं
****

## प्रेस विज्ञप्ति

### भारतद्वारा कास्की जिल्लामा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको निर्माण

'नेपाल-भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको नेरु. २.०९४ करोड आर्थिक सहयोगमा निर्माण गरिएको कास्की जिल्लाको पोखरास्थित श्री भद्रकाली उच्च माध्यमिक विद्यालयका विद्यालय भवनहरुको आज विद्यालयको ७२ औं वार्षिकोत्सव र अभिभावक दिवसको शुभ अवसरमा पोखरा महानगरपालिकाका मेयर श्री धनराज आचार्य र काठमाडौंस्थित भारतीय राजदूतावासका नियोग उप-प्रमुख श्री प्रसन्न श्रीवास्तवले औपचारिक उद्‌घाटन गर्नुभयो । उक्त कार्यक्रममा जनप्रतिनिधि, सरकारी अधिकारी, समाजसेवी, विद्यालय व्यवस्थापनका प्रतिनिधि, शिक्षक/शिक्षिका, अभिभावक तथा विद्यार्थीहरुको पनि उपस्थिति रहेको थियो ।

२. 'नेपाल-भारत विकास सहकार्य' अन्तर्गतको भारत सरकारको अनुदान सहयोग विद्यालय भवनको निर्माण तथा यस विद्यालयका लागि आवश्यक पर्ने फर्निचर एवम् कम्प्युटरको व्यवस्थाका लागि उपयोग गरिएको थियो । भारत सरकार र नेपाल सरकारबीच भएको सम्झौता अन्तर्गत पहिले साना विकास परियोजना नामले परिचित यस परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको हो । कास्कीको पोखरा महानगरपालिकामार्फत यो परियोजनाको कार्यान्वयन गरिएको हो ।

३. भारतीय राजदूतावास, काठमाडौंका नियोग उप-प्रमुख श्री प्रसन्न श्रीवास्तवले यी परियोजना भारत र नेपालबीचको बलियो विकास साझेदारीको एक महत्वपूर्ण हिस्सा भएको बताउनुभयो । साथै वहाँले यी परियोजनाले हालैका वर्षमा उल्लेख्य प्रगति हासिल गरेको र नेपाल सरकार र नेपाली जनताका प्राथमिकतामा रहेका विभिन्न क्षेत्रहरुलाई समेत समेटेको बताउनुभयो । वहाँले दुवै देशका जनताको हितका लागि नेपाल सरकारको प्राथमिकता अनुरुप विकास साझेदारीलाई सुदृढ गर्न भारत सरकार निरन्तर लागिपर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

४. सामुदायिक विद्यालयको रुपमा रहेको श्री भद्रकाली उच्च माध्यमिक विद्यालय प्राथमिक विद्यालयको रुपमा सन् १९५१ मा स्थापना भएको हो । प्राथमिक विद्यालयको भवन सन् १९५९ मा भारतीय राजदूतावासको केन्द्रीय समन्वय बोर्डमार्फत भारतको आर्थिक सहयोगमा निर्माण गरिएको थियो । पछि विद्यालयलाई उच्च माध्यमिक तहमा स्तरोन्नति गरिएको थियो । त्यसयता राम्रो वातावरणमा गुणस्तरिय शिक्षा प्रदान गर्न यस विद्यालयले उल्लेखनीय सफलता हासिल गरेको छ । यस क्षेत्रकै पहिलो अग्रणी विद्यालयको रुपमा परिचित यस विद्यालयमा अध्ययनरत अधिकांश विद्यार्थीहरु भूतपूर्व गोर्खा सैनिक परिवारका रहेका छन् । प्ले ग्रुपदेखि कक्षा १२ सम्म अध्यापन हुने यस विद्यालयमा १८०० भन्दा बढी विद्यार्थीहरु अध्ययनरत छन् जसमा ५५ जना छात्राहरु रहेका छन् ।

५. सन् २००३ यता नेपालका विभिन्न क्षेत्रमा ५५० वटा भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना अघि बढाइएका छन् र ४८८ वटा परियोजना सम्पन्न भइसकेका छन् । यी मध्ये गण्डकी प्रदेशका विभिन्न क्षेत्रमा ५९ वटा परियोजना रहेका छन् जसमा ११ वटा परियोजना कास्कीमा छन् । यसका साथै भारत सरकारले स्वतन्त्रता दिवस र गणतन्त्र दिवसको अवसरमा नेपालका विभिन्न अस्पताल, स्वास्थ्य चौकी र शैक्षिक संस्थालाई ९७४ वटा एम्बुलेन्स र २३४ वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिसकेको छ जसमध्ये गण्डकी प्रदेशलाई ११५ वटा एम्बुलेन्स र २५ वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिएको छ । यसमा २० वटा एम्बुलेन्स र ५ वटा स्कुल बस कास्की जिल्लालाई उपलब्ध गराइएको छ ।

६. नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ । यस परियोजनाको कार्यान्वयनले नेपाली जनताको समुन्नतिका लागि र प्राथमिकताका क्षेत्र विशेष गरी नेपालको शैक्षिक क्षेत्रमा पूर्वाधारको विस्तारका लागि नेपाल सरकारले चालेका प्रयासमा भारत सरकार सदैव हातेमालो गर्न तयार रहेको कुरालाई प्रतिबिम्बित गरेको छ ।

काठमाडौं, नेपाल<br>
२०८० फाल्गुण २ गते

****